लहान नगरपालिका
LAHAN MUNCIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
लहान, सिरहा
LAHAN, SIRAHA
मधेश प्रदेश, नेपाल
MADHESH PROVINCE, NEPAL
महिला बालबालिका तथा ज्येष्ठ शाखा

प.स. :- २०८३/०८४
च.न.:-२०५६

मितिः-२०८३/०८/१०

सूचना !! सूचना !!सूचना !!

प्रस्तुत सम्बन्धमा खेलकुद तथा समाज कल्याण मन्त्रालयको प.सं. २०८३/०८४ च.न. २२८ , मिति २०८३/०८/०४ को पत्र प्राप्त भइ व्यहोरा अवगत भयो । सो सम्बन्धमा महिला उधमशीलता वित्तिय पहुँच ,टेवा ,पुँजी र प्रविधि सहयोगको लागि इच्छुक महिला उधमी तथा उधमी समूहहरुले मिति २०८३/०८/१४ गते भित्र अनुसूचि -२ बमोजिम निवेदनको साथ तपसिल बमोजिमको कागजात सहित यस कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा लहानमा बुझाइदिनुहुन सूचना गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

१.उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि नविकरण
२.स्थायी लेखा नं. दर्ताको प्रमाणपत्र
३.कर चुक्ता को प्रमाण पत्र
४ व्यावसायिक योजना
५.प्रविधिको क्षमता सहितको विवरण
६.लेखा परिक्षण प्रतिवेदन
७.यस अघि प्रदेश वा स्थानीय तहबाट विगत पाँच वर्षमा टेवा पुँजी र प्रविधि सहयोग अनुदान प्राप्त गरेको छैन भन्ने महिला उधमी समूहको स्वघोषण पत्र ।

.....
प्रकाश साह हलुवाई
(नि. प्रमुख प्रशासकीय अधिकृत)

अनुसूची-२

दफा ६ सँग सम्बन्धित

निवेदनको ढाँचा

श्रीमान् प्रमुखज्यू,
.....पालिका,
मधेश प्रदेश

महोदय,

म/मेरो उद्यमी समूहले..... न.पा/गा.पा. अन्तर्गत रहेर स्थानीय श्रोत साधनको समुचित उपयोग गर्दै नाफा कमाउने उद्देश्यले उद्यम व्यवसाय सञ्चालनका लागि महिला उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनको लागि महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग सहित महिला उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ को दफा ६ बमोजिमका कागजातहरू संग्लन गरी उद्यम व्यवसायको प्रभावकारी सञ्चालन र स्तरोन्नती गर्न प्रविधि सहयोग प्राप्त गरी पाउँ भनि यो निवेदन पेश गरेको छु/छौ। साथै प्रदेश मन्त्रालयमा सिफारिस गरीदिनु हुन अनुरोध गर्दछु/गर्दछौ।

निवेदकः
नाम, थरः-
सम्पर्क नं.-
समूहको नामः-
समूह दर्ता नं.-
दस्तखतः-

ठेगानाः
मधेश प्रदेश जिल्ला.....
गा.पा/ना.पा.
वडा नं.